# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५८) काठमाडौं, जेठ १६ गते २०६५ साल (अतिरिक्तांक ६

## भाग १

नेपाल सरकार

कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले जारी गरेको तल लेखिए बमोजिमको नेपालको अन्तरिम संविधान (चौथो संशोधन), २०६५ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

### नेपालको अन्तरिम संविधान, २०६३ को चौथो संशोधन

प्रस्तावना : नेपालको अन्तरिम संविधान, २०६३ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८३ बमोजिमको व्यवस्थापिका-संसदको हैसियतमा संविधान सभाले यो संशोधन जारी गरेको छ।

253

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस संशोधनको नाम "नेपालको अन्तरिम संविधान (चौथो संशोधन), २०६५" रहेको छ ।

(२) यो संशोधन तुरुन्त प्रारम्भ हुनेछ ।

२. नेपालको अन्तरिम संविधान, २०६३ को प्रस्तावनामा संशोधन : नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि "संविधान" भनिएको) को प्रस्तावनामा रहेको छैठौं प्रकरणपछि देहायको सातौं प्रकरण थपिएको छ :-

"राजतन्त्रको विधिवत् अन्त्य गरी नेपाल एक संघीय, लोकतान्त्रिक गणतन्त्रात्मक राज्य भएको घोषणा गर्दै,"

३. संविधानको धारा ४ मा संशोधन : संविधानको धारा ४ को उपधारा (१) मा रहेका "र पूर्ण लोकतान्त्रिक राज्य" भन्ने शब्दहरुको सट्टा "संघीय लोकतान्त्रिक, गणतन्त्रात्मक राज्य" भन्ने शब्दहरु राखिएका छन् ।

४. संविधानमा भाग ४क. थप : संविधानको भाग ४ पछि देहायको भाग ४क. थपिएको छ :-

"भाग ४क.

राष्ट्रपति तथा उपराष्ट्रपति

३६क. राष्ट्रपति : (१) नेपालमा एकजना राष्ट्रपति रहनेछ ।

(२) राष्ट्रपति मुलुकको राष्ट्राध्यक्ष हुनेछ र सोही हैसियतमा यस संविधान र प्रचलित कानून बमोजिम निजले आफ्नो कार्य सम्पादन गर्नेछ ।

(३) संविधानको संरक्षण र पालना गर्नु राष्ट्रपतिको प्रमुख कर्तव्य हुनेछ ।



254

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६ख. <u>राष्ट्रपतिको निर्वाचन</u> : राष्ट्रपतिको निर्वाचन संविधान सभाले गर्नेछ ।

३६ग. <u>राष्ट्रपतिको पदावधि</u> : राष्ट्रपतिको पदावधि संविधान सभाबाट जारी हुने संविधान प्रारम्भ नभएसम्मका लागि हुनेछ ।

३६घ. <u>राष्ट्रपतिको योग्यता</u> : राष्ट्रपति हुनको लागि कुनै पनि व्यक्तिले देहायको योग्यता पूरा गरेको हुनु पर्नेछ :-

(क) संविधान सभाको सदस्य हुन योग्य भएको,

(ख) कम्तीमा पैंतीस वर्ष उमेर पूरा भएको ।

३६ङ. <u>राष्ट्रपति पदमुक्त हुने अवस्था</u> : देहायको अवस्थामा राष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-

(क) निजले उपराष्ट्रपति समक्ष राजिनामा दिएमा,

(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संविधान सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको कम्तीमा दुई तिहाई बहुमतबाट निजको विरुद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा

(ग) निजको मृत्यु भएमा ।

३६च. <u>राष्ट्रपतिको शपथ</u> : राष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूची-१क. को ढाँचामा प्रधान न्यायाधीश समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

३६छ. <u>उपराष्ट्रपति</u> : (१) नेपालमा एकजना उपराष्ट्रपति रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) धारा ३६ङ. बमोजिम राष्ट्रपति पदमुक्त भई अर्को राष्ट्रपति निर्वाचित नभएसम्म वा राष्ट्रपतिको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरु उपराष्ट्रपतिबाट सम्पादन गरिनेछ ।

३६ज. उपराष्ट्रपति पदमुक्त हुने अवस्था : देहायको अवस्थामा उपराष्ट्रपति आफ्नो पदबाट मुक्त हुनेछ :-

(क) निजले राष्ट्रपति समक्ष राजिनामा दिएमा,

(ख) निजले संविधानको गम्भीर उल्लंघन गरेको आरोपमा संविधान सभाका तत्काल कायम रहेका सम्पूर्ण सदस्यहरुको कम्तीमा दुई तिहाई बहुमतबाट निजको विरुद्ध महाभियोगको प्रस्ताव पारित भएमा, वा

(ग) निजको मृत्यु भएमा ।

३६झ. उपराष्ट्रपति सम्बन्धी अन्य व्यवस्था : (१) उपराष्ट्रपतिको योग्यता तथा निर्वाचन प्रक्रिया सम्बन्धी व्यवस्था राष्ट्रपतिको सरह हुनेछ ।

(२) उपराष्ट्रपतिले आफ्नो कार्यभार सम्हाल्नु अघि अनुसूचि-१क. को ढाँचामा राष्ट्रपति समक्ष पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ ।

३६ञ. राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा सुविधा : राष्ट्रपति र उपराष्ट्रपतिको पारिश्रमिक तथा अन्य सुविधा ऐनद्वारा निर्धारण भए बमोजिम हुनेछ र त्यस्तो ऐन नबनेसम्म नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

३६ट. राष्ट्रपतिको सचिवालय : (१) राष्ट्रपतिको कार्यलाई सहयोग पुऱ्याउनको लागि एक सचिवालय रहनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपधारा (१) बमोजिमको सचिवालयको काम कारबाही सञ्चालन गर्न आवश्यक कर्मचारी तथा व्यवस्थापन सम्बन्धी अन्य कुराहरु नेपाल सरकारले व्यवस्था गर्नेछ।"

५. संविधानको धारा ३८ मा संशोधन : संविधानको धारा ३८ को उपधारा (७) को खण्ड (क) मा रहेका "व्यवस्थापिका-संसदको सभामुख समक्ष" भन्ने शब्दहरुको सट्टा "निजले राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन्।

६. संविधानको धारा ४२ मा संशोधन : संविधानको धारा ४२ मा रहेका "व्यवस्थापिका-संसद समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन्।

७. संविधानको धारा ५२ मा संशोधन : संविधानको धारा ५२ मा रहेका "प्रधानमन्त्री" भन्ने शब्दको सट्टा "राष्ट्रपति" भन्ने शब्द राखिएको छ।

८. संविधानको धारा ६१क. मा संशोधन : संविधानको धारा ६१क. को उपधारा (२) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखिएको छ।

९. संविधानको धारा ८७ मा संशोधन : संविधानको धारा ८७ मा रहेका "व्यवस्थापिका-संसदको सभामुखद्वारा" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिद्वारा" भन्ने शब्द राखी देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर राष्ट्रपतिको निर्वाचन भई कार्यभार नसम्हालेसम्म सभामुखद्वारा नै प्रमाणीकरण हुनेछ।"

१०. संविधानको धारा ८८ मा संशोधन : संविधानको धारा ८८ को उपधारा (१) मा रहेका "नेपाल सरकार" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति" भन्ने शब्द, सोही उपधारामा रहेका "नेपाल सरकारले" भन्ने शब्दहरुको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा" भन्ने शब्दहरु र सोही धाराको उपधारा (२) को खण्ड (ख) मा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुंनेछ।

रहेका "नेपाल सरकारबाट" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिबाट" भन्ने शब्द राखिएका छन् ।

११. संविधानको धारा ९२ मा संशोधन : संविधानको धारा ९२ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) राष्ट्रपति तथा उपराष्ट्रपतिको पारिश्रमिक र सुविधाको रकम,"

(२) खण्ड (क) पछि देहायको खण्ड (क१) थपिएको छ :-

"(क१) सर्वोच्च अदालतका प्रधान न्यायाधीश तथा अन्य न्यायाधीशहरुलाई दिइने पारिश्रमिक, सुविधा र निवृत्तिभरणको रकम,"

१२. संविधानको धारा १०३ मा संशोधन : संविधानको धारा १०३ को उपधारा (१) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखिएको छ ।

१३. संविधानको धारा १०५ मा संशोधन : संविधानको धारा १०५ को खण्ड (क) मा रहेका "मन्त्रिपरिषद् समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

१४. संविधानको धारा ११७ मा संशोधन : संविधानको धारा ११७ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।

१५. संविधानको धारा ११९ मा संशोधन : संविधानको धारा ११९ को,-

(१) उपधारा (२) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखिएको छ ।

258



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपधारा (४) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

१६. संविधानको धारा १२१ मा संशोधन : संविधानको धारा १२१ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।

१७. संविधानको धारा १२२ मा संशोधन : संविधानको धारा १२२ को उपधारा (२) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखी सोही धाराको उपधारा (४) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

१८. संविधानको धारा १२४ मा संशोधन : संविधानको धारा १२४ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।

१९. संविधानको धारा १२५ मा संशोधन : संविधानको धारा १२५ को उपधारा (२) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखी सोही धाराको उपधारा (५) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

२०. संविधानको धारा १२७ मा संशोधन : संविधानको धारा १२७ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२१. <u>संविधानको धारा १२८ मा संशोधन</u> : संविधानको धारा १२८ को उपधारा (२) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखी सोही धाराको उपधारा (४) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

२२. <u>संविधानको धारा १३१ मा संशोधन</u> : संविधानको धारा १३१ को उपधारा (३) मा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले" भन्ने शब्द राखी सोही धाराको उपधारा (५) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखिएका छन् ।

२३. <u>संविधानको धारा १३३ मा संशोधन</u> : संविधानको धारा १३३ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।

२४. <u>संविधानको धारा १३४ मा संशोधन</u> : संविधानको धारा १३४ को,-

(१) उपधारा (१) मा रहेको "प्रधानमन्त्रीबाट" भन्ने शब्दको सट्टा "प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपधारा (३) को खण्ड (क) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "प्रधानमन्त्री मार्फत राष्ट्रपति समक्ष" भन्ने शब्दहरु र सोही उपधाराको खण्ड (ख) मा रहेको "प्रधानमन्त्रीबाट" भन्ने शब्दको सट्टा "प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२५. संविधानको धारा १३६ मा संशोधन : संविधानको धारा १३६ को उपधारा (१) मा रहेका "प्रधानमन्त्री समक्ष" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपति समक्ष" भन्ने शब्दहरु राखी सोही उपधारामा रहेको "प्रधानमन्त्रीले" भन्ने शब्दको सट्टा "राष्ट्रपतिले प्रधानमन्त्री मार्फत" भन्ने शब्दहरु राखिएका छन् ।

२६. संविधानको धारा १४३ मा संशोधन : संविधानको धारा १४३ को,-

(१) उपधारा (१) मा रहेको "मन्त्रिपरिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपधारा (६) मा रहेको "मन्त्रिपरिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपधारा (७) मा रहेका "नेपाल सरकार, मन्त्रिपरिषद्बाट" भन्ने शब्दहरुको सट्टा "राष्ट्रपतिबाट" भन्ने शब्द राखिएको छ ।

(४) उपधारा (१०) मा रहेको "मन्त्रिपरिषद्बाट" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट" भन्ने शब्दहरु राखिएका छन् ।

२७. संविधानको धारा १४४ मा संशोधन : संविधानको धारा १४४ को,-

(१) उपधारा (१) पछि देहायको उपधारा (१क) थपिएको छ :-

"(१क) राष्ट्रपति नेपाली सेनाको सर्वोच्च परमाधिपति हुनेछ ।"



261

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपधारा (२) मा रहेको "मन्त्रिपरिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपधारा (३) मा रहेका "मन्त्रिपरिषद्ले गर्नेछ" भन्ने शब्दहरुको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

२८. संविधानको धारा १५० मा संशोधन : संविधानको धारा १५० मा रहेको "मन्त्रिपरिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन् ।

२९. संविधानको धारा १५१ मा संशोधन : संविधानको धारा १५१ मा रहेको "मन्त्रिपरिषद्ले" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिले" भन्ने शब्दहरु राखिएका छन् ।

३०. संविधानको धारा १५२ मा संशोधन : संविधानको धारा १५२ को उपधारा (१) मा रहेको "प्रधानमन्त्रीबाट" भन्ने शब्दको सट्टा "मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट" भन्ने शब्दहरु राखिएका छन् ।

३१. संविधानको धारा १५९ मा संशोधन : संविधानको धारा १५९ को सट्टा देहायको धारा १५९ राखिएको छ :-

"१५९. सम्पत्ति ट्रष्ट बनाई राखिने : (१) तत्कालिन राजा वीरेन्द्र, रानी ऐश्वर्य र निजहरुका परिवारको सम्पत्ति नेपाल सरकार मातहत ल्याई ट्रष्ट बनाएर राष्ट्रहितमा प्रयोग गरिनेछ ।

(२) तत्कालिन राजाका हैसियतले ज्ञानेन्द्र शाहलाई प्राप्त भएका सबै सम्पत्तिहरु (जस्तै विभिन्न स्थानका दरवारहरु, वन तथा निकुञ्जहरु, ऐतिहासिक र पुरातात्विक महत्वका सम्पदाहरु आदि) राष्ट्रियकरण गरिनेछ ।"



262 आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३२. संविधानमा अनुसूची-१क. थप : संविधानको अनुसूची-१ पछि देहायको अनुसूची-१क. थपिएको छ :-

"अनुसूची-१क.
(धारा ३६च. र धारा ३६झ.को उपधारा (२) संग सम्बन्धित)

राष्ट्रपति तथा उपराष्ट्रपतिले लिने पद तथा गोपनीयताको शपथको ढाँचा

म (राष्ट्रपति/उपराष्ट्रपतिको पूरा नाम) ... ... ... ... ... मुलुक र जनताप्रति पूर्ण बफादार रही सत्यनिष्ठापूर्वक प्रतिज्ञा गर्छु/ईश्वरको नाममा शपथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा रहेको नेपालको अन्तरिम संविधान, २०६३ प्रति पूर्ण बफादार रहँदै राष्ट्रपति/उपराष्ट्रपति पदको कामकाज प्रचलित कानूनको अधीनमा रही मुलुक र जनताको सोझो चिताई, कसैको डर नमानी, पक्षपात नगरी, पूर्वाग्रह वा खराब भावना नलिई पदीय गोपनीयता कायम राखी इमान्दारीताका साथ गर्नेछु।

नाम, थर : ..........................

मिति : ........................ सही : ............................ "

आज्ञाले,
डा. कुलरत्न भुर्तेल
नेपाल सरकारको सचिव

**प्रमाणिकरण मिति : २०६५।२।१६।५**



मुद्रण विभाग, सिंहदरवार, काठमाडौंमा मुद्रित । मूल्य रु. १०।–
गो.द.नं. १६।०६३।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।